२०७४ चैत्र २६ को नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित

# गम्भीर ध्यानाकर्षण

उपरोक्त सम्बन्धमा २०७४ चैत २४ गते शनिबार नागरिक दैनिकको पृष्ठ ३ मा प्रकाशित समाचार 'गोदावरी नगरपालिकामा मेयरको मनपरी, अनधिकृत रूपमा हटाइए प्रशासकीय अधिकृत' शीर्षकको समाचारमा गोदावरी नगरपालिकाको प्रमुख म गजेन्द्र महर्जनले बालुवा तथा ढुंगाखानी दर्ता प्रक्रियामा कुरा नमिलेपछि प्रशासकीय अधिकृत टेकराज पन्थीलाई जबरजस्ती निकालेको भनी उल्लिखित विषय आधारहीन एवं तथ्यहीन भएको जानकारी गराउन चाहन्छु। 'साइनिङ बालुवा वासिङ सेन्टरलाई तत्काल कानुनी मान्यता दिन प्रशासकीय अधिकृतलाई दबाब दिएको' भनी समाचारमा उल्लेख भएअनुसार मैले काम नगरेको र समाचारमा उल्लिखित यस्ता भ्रमपूर्ण सूचनाप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। म र मेरो कामको सम्बन्धमा बारम्बार यस्ता भ्रामक सूचना सम्प्रेषण हुँदा मेरो सामाजिक एवं राजनीतिक प्रतिष्ठामा गम्भीर आँच पर्न गएको पनि जानकारी गराउन चाहन्छु।

**गजेन्द्र महर्जन**

प्रमुख, गोदावरी नगरपालिका